बराहताल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कुनाथरी , सुर्खेत

कर्णाली प्रदेश, नेपाल

( आर्थिक प्रशासन शाखा)

मितिः २०७९।११।१४

पत्र संख्या : २०७९।०८० आ.प्र.

च.न. १८८४

श्री बिषयगत शाखा , उपशाखा सबै

श्री वडा कार्यालय सबै

श्री स्वास्थ्य शाखा सबै , बराहताल गाउँपालिका सुर्खेत ।

**विषयः- खर्च गर्दा मितव्ययीता कायम गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्णय भएको छ । हाल आर्थिक गतिबिधिमा संकुचन हुन गएको कारण देशमा लक्ष्य अनुसारको राजश्व असुली नभएको तथा बजेटरी सहायता समेत समयमा प्राप्त नभएको साथै चालु खर्च अत्याधिक भै नेपाल सरकारको श्रोतमा चाप परि देशको संचित कोषखाता समेत ऋणात्मक अवस्थामा भएकोले सार्वजनिक खर्चमा मितव्ययीता कायम गरी नेपाल सरकारको बित्त सन्तुलन कायम राख्न नेपाल सरकार अर्थ मन्त्रालयले मिति २०७९।१०।१७ मा संलग्न परिपत्र बमोजिम निर्देशन गरेको छ । यसै सन्दर्भमा आर्थिक मामिला तथा योजना मन्त्रलाय कर्णाली प्रदेश सरकार र बराहताल गाउँकार्यपालिकाको कार्यालयको निर्णय तथा आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २१ (१) मा भएको ब्यवस्था बमोजिम सरकारी खर्चमा मितव्ययीता कायम गर्न संलग्न परिपत्रमा उल्लेख भएबमोजिम र तपशिलबमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपशिल

१. चालु आ.ब.को स्विकृत बजेटको ईन्धन , मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामाग्री छपाई तथा सूचना प्रकाशन खर्च , सेवा र परामर्श , सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च , भ्रमण खर्च , अन्य भत्ता , कार्यक्रम खर्च , अनुगमन मुल्याङ्कन खर्च , तालिम गोष्ठी सेमिनार , विबिध खर्च , मेशिनरी तथा औजार , फर्निचर तथा फिक्चशचर , निर्मित भवनको संरचनात्मक सुधार खर्च आदी खर्च शिर्षकमा २० प्रतिशत खर्च कटौती गर्ने ।

२. चालु आ.ब.को स्विकृत बजेट तथा कार्यक्रममा परेका तथा तर खरिद प्रकृया प्रारम्भ भैनसकेका चालु तर्फका कार्यक्रमको पालिकाको पुर्व स्विकृतीमा मात्र खरिद प्रकृया अगाडी बढाउने ।

३. चालु आ.ब.मा थप आर्थिक दायित्व पर्ने कुनैपनि निर्णय नगर्ने ।

४. सामान्यतया कुनै आर्थिक सहायता प्रदान नगर्ने , अति आवश्यक र गर्नै पर्ने अवस्था सृर्जना भए गाउँपालिकाको पुर्व स्विकृती / सहमति लिने ।

५. चालु तर्फका खर्चमा अनिवार्य दायित्व ( तलब , पोषाक जस्ता ) बाहेक अन्य सबै प्रकारका उल्लेखित खर्चमा २० प्रतिशत खर्च कटौती हुने गरी मात्र खर्च गर्ने ।

बोधार्थ

श्री अध्यक्ष ज्यु – जानकारीका लागि

भुपेन्द्र भण्डारी
लेखा अधिकृत

(ललित कुमार थापा)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

३ अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर्ने, नयाँ दरबन्दी थप नगर्ने। दरबन्दी भन्दा बढि कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भएमा अस्थायी दरबन्दी स्वीकृत गरी मात्र गर्ने। चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ संगठन स्थापना नगर्ने।

४ नेपाल सरकारको स्रोत तर्फका सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने।

५ फर्निचर र नयाँ सवारी साधन खरीद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने।

६ नेपाल सरकारको स्रोतमा नेपाल सरकारको प्रतिनिधित्व गरी अनिवार्य रुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति अनिवार्य रुपमा लिने।

७ अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने।

८ चालु आर्थिक वर्षका लागि चालु खर्च तर्फ स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी नेपाल सरकारको स्रोत तर्फ हाललाई रकमान्तर नगर्ने।

९ सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने। गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिने।

१० नेपाल सरकारको स्रोतमा विनियोजित निर्मित भवनको संरचनात्मक सुधार खर्च र पूँजीगत सुधार खर्च हाललाई स्थगन/रोक्का गर्ने।

११ कार्यक्रम खर्च अन्तर्गत विनियोजन भएका तर शुरुवात नभएका कार्यक्रम रोक्का गर्ने।

१२ चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने।

१३ माथि उल्लेखित निर्णय सबै विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, बोर्ड लगायत सबै सार्वजनिक संस्थानमा समेत लागू हुने।

१४ चालु तर्फको खर्चमा अनिवार्य दायित्व बाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरुलाई पनि अनुरोध गर्ने।

आनन्द काफ्ले
सहसचिव/प्रवक्ता

२०७९ माघ १७ गते मंगलबार

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६३, अ.आ.स.स.म. ४२११८३३
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.प. ४२११९९३, वि.ऋ.म. ४२११३१८
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

## प्रेस विज्ञप्ति

कोभिड-१९ को प्रभाव, युक्रेन-रसियाको युद्ध तथा अन्य विविध कारणबाट विश्वव्यापी रुपमा आपूर्ति श्रृङ्खलामा परेको प्रतिकुल प्रभाव र बाह्य क्षेत्रमा परेको चाप व्यवस्थापन गर्न केही वस्तुको पैठारीमा गरिएको पूर्ण बन्देजको निर्णय पश्चात् देशभित्रको आर्थिक गतिविधिमा संकुचन हुन गएको समेतका कारण चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त नभएको, राष्ट्रसेवकको तलब, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनका लागि बढ्न गएको व्ययभार लगायतका कारणले चालु खर्चको भार बढेको, आन्तरिक ऋणको ब्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसंग कमजोर हुँदा वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन गएकोले नेपाल सरकारको स्रोतमा चाप परेको छ। चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिब रु.९० अर्ब ऋणात्मक रहेको छ।

प्रस्तुत सन्दर्भमा खर्चलाई पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान गर्ने आयोजना तथा कार्यक्रम लगायतका अत्यावश्यक कार्यका लागि स्रोतको व्यवस्थापन गर्न आवश्यक देखिएको छ। चालु आर्थिक वर्षमा राजस्व संकलन कम हुँदा प्रदेश तथा स्थानीय तहको अनिवार्य दायित्वको व्यवस्थापन गर्न समेत थप स्रोत व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

वर्तमान मन्त्रिपरिषद्को पहिलो बैठकबाट भएको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्णय समेतको आधारमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(१) मा भएको व्यवस्था बमोजिम संघीय संचित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा सरकारी खर्चमा मितव्ययिता कायम गरी सरकारको वित्त सन्तुलन (fiscal balance) कायम राख्न अर्थ मन्त्रालयले देहाय बमोजिम गर्ने निर्णय गरेको छ।

१ संघीय सरकारको सबै मन्त्रालय/निकायको स्वीकृत बजेटको इन्धन, मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन, सेवा र परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मुल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेशिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधार तथा पुँजीगत सुधार खर्च लगायतका खर्च शीर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको मध्ये (दायित्व सिर्जना भइसकेको बाहेक) बजेट तत्काल लागू हुने गरी २० प्रतिशत कटौती गर्ने।

२ चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरीद प्रक्रिया प्रारम्भ भईनसकेका आयोजना तथा कार्यक्रम (पूर्व सहमति प्रदान गरिएका एवम् क्रमागत आयोजना तथा कार्यक्रम बाहेक) को हकमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति/सहमतिमा मात्र खरीद प्रक्रिया अगाडि बढाउने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

पत्र सङ्ख्याः २०७९/८०
चलानी नं.: ८५९

वीरेन्द्रनगर, सुर्खेत, नेपाल।

मिति :- २०७९/११/०२

विषयः खर्च कटौति गर्ने तथा बजेट रोक्का राख्ने सम्बन्धमा।

श्री स्थानीय तहहरु, सबै।
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विश्वव्यापी रुपमा आपूर्ति शृङ्खलामा परेको प्रतिकूल प्रभावका कारण आर्थिक गतिविधिमा सङ्कुचन आई चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व सङ्कलन हुन नसकेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने आयमा समेत त्यसको प्रभाव पर्ने देखिएकोले सार्वजनिक खर्च मितव्ययी ढङ्गले गर्नुपर्ने अवस्था रहेको छ। कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ को उपदफा (१) मा प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेको विनियोजित रकम आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ। नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९ माघ १७ गते मंगलवारको प्रेस विज्ञप्ति मार्फत चालु तर्फको खर्चमा अनिवार्य दायित्व बाहेक न्यूनतम २० प्रतिशत खर्च कटौति गर्न प्रदेश सरकार र स्थानीय तहहरुलाई पनि अनुरोध गर्ने विषय उल्लेख भएको छ। उल्लिखित कानूनी व्यवस्था र नेपाल सरकारको अनुरोध समेतका आधारमा कर्णाली प्रदेश सरकार मातहतका विभिन्न मन्त्रालय/निर्देशनालय/ आयोग/सचिवालय/कार्यालयको स्वीकृत बजेटको देहायको खर्च शिर्षमा विनियोजित बजेट मध्ये दायित्व सिर्जना भइसकेको र बोलपत्र आह्वान भइसकेको बाहेक देहायका खर्च शिर्षकहरुमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको रकम मध्ये (दायित्व सिर्जना भइसकेको बाहेक) बजेट तत्काल लागू हुने गरी २० प्रतिशत रकम कटौति तथा बजेट रोक्का गर्ने सम्बन्धमा मिति २०७९/१०/२६ मा निर्णय (माननीय मन्त्रीस्तर) भएकोले उक्त निर्णयको कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ।

चालु तर्फका देहाय बमोजिमका खर्च शिर्षकहरु

| खर्च शिर्षक नं. | विवरण | खर्च शिर्षक नं. | विवरण |
|---|---|---|---|
| २११३९ | अन्य भत्ता | २२४११ | सेवा र परामर्श खर्च |
| २२२११ | इन्धन पदाधिकारी | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | २२५११ | कर्मचारी तालिम खर्च |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सञ्चालन खर्च |
| २२२२१ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२५२२ | कार्यक्रम खर्च |
| २२२९१ | अन्य सम्पत्तिहरुको सञ्चालन तथा सम्भार | २२५२९ | विविध कार्यक्रम खर्च |

पत्र सङ्ख्याः २०७९/८०
चलानी नं.:

| | खर्च | | |
|---|---|---|---|
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | | |
| २२३१४ | इन्धन- अन्य प्रयोजन | २२६११ | अनुगमन तथा मूल्याङ्कन खर्च |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | २२६१२ | भ्रमण खर्च |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | २२६१९ | अन्य भ्रमण खर्च |
| | | २२७११ | विविध खर्च |

पूँजीगत खर्च तर्फका देहायका खर्च शिर्षकहरु

| खर्च शिर्षक नं. | विवरण | खर्च शिर्षक नं. | विवरण |
|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | | |
| ३११२१ | सवारी साधन खरिद | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण |

- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरवाट थप दायित्व पर्ने कुनै निर्णय नलिने।
- कार्यक्रम खर्च अन्तर्गत विनियोजन भएका तर सुरुवात नभएका कार्यक्रम रोक्का राख्ने।
- वैदेशिक स्रोत तर्फका बाहेक सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगत गर्ने।
- चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने।
- आर्थिक सहायता प्रदान नगर्ने।
- थप दायित्व सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने। चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ सङ्गठन स्थापना नगर्ने।
- फर्निचर र नयाँ सवारी साधन खरिद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई स्थगन गर्ने।
- माथि उल्लिखित व्यहोरा स्थानीय तहलाई समेत अनुरोध गर्ने।

..............................
तेजकुमार दर्लामी
(तथ्याङ्क अधिकृत)